bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४२ अंक ७७ | २०८० असार १९ गते मंगलबार, नेपाल सम्वत् ११४३ July 04, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## व्यास जयन्ती तथा गुरूपूर्णिमा मनाइयो

# ‘व्यास जन्मभूमिलाई धार्मिक पर्यटकीय केन्द्र बनाइने’

**भञ्ज्याङ समाचारदाता/**तनहुँ

तनहुँमा व्यास अवतरण दिवस एवं गुरूपुर्णिमा-२०८० मनाइएको छ । व्यास क्षेत्र शिव पाञ्चायन विकास कोष तथा व्यास नगरपालिकाको संयुक्त आयोजनामा सोमबार विहान दमौलीमा एक कार्यक्रम गरी व्यास र गुरूको महिमाको चर्चा गरी मनाइएको छ । चार वेद, अठ्ठार पुराण, महाभारत उपनिषद तथा ब्रह्मसुत्र आदि महान ग्रन्थहरूको रचना गर्नुहुने भगवान वेद-व्यासको अवतरण दिवस तथा गुरूपुर्णिमाको अवसरमा आयोजित सो कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभाका सांसद अशोककुमार श्रेष्ठले व्यास जन्मभुमिको यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक प्रचार प्रसारमा ध्यान दिनु पर्ने बताए ।

दमौलीमा धार्मिक पर्यटनको विकास गर्न सके यस क्षेत्रको आर्थिक विकास हुने बताउँदै उनले दमौलीमा निर्माण भईरहेको महर्षि वेद व्यासको १०८ फिटको अग्लो मुर्तीको निर्माणमा गण्डकी प्रदेश सरकारको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाए ।

‘वेदव्यासले महाभारत, चार वेद र अठार पुराणको रचना गरेको दावी र विभिन्न स्रोतले प्रमाणित गरे पनि व्यासभूमिको उचित प्रसारप्रसार हुन सकेको छैन’, प्रदेश सभा सदस्य श्रेष्ठले भने, ‘व्यास जन्मिएको, पराशरले तपस्या गरेको ठाउँ आज संसारभर प्रख्यात हुनुपर्थ्यो जति प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन सकेन ।’

व्यासको मूर्ति निर्माण लगायत अन्य पूर्वाधार निर्माणको लागि पाँच करोड बजेट माग गरेको भएपनि त्यसको महत्व नबुझेकाले गण्डकी प्रदेश सरकारबाट १० लाख रूपियाँ मात्रै विनियोजन भएको सांसद श्रेष्ठले बताए । व्यासको अध्यता काशीनाथ न्यौपानेलाई लिएर गएर मुख्यमन्त्री लगायतलाई व्यासको बारेमा जानकारी गराउने सोच रहेको श्रेष्ठले बताए ।



जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले व्यासको १०८ फिट अग्लो मूर्ति निर्माणले व्यासप्रति चासो बढ्ने र प्रचारप्रसारमा टेवा पुग्ने हुँदा काम छिटो सम्पन्न गर्न सबैले सहयोग गर्नुपर्ने बताए ।

काठमाडौंबाट १५० र पोखराबाट ५० किलोमिटर दूरीमा रहेको दमौलीमा पृथ्वी राजमार्ग भएर दैनिक हजारौं आन्तरिक तथा वाह्य पर्यटक आवातजावत गर्ने भएपनि व्यास भूमिमा पर्यटकलाई आकर्षित गराउन व्यासको १०८ फिटको मूर्ति निर्माणको लागि नगरपालिकाले प्राथमिकतामा राखेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताए ।

सात करोड लागतमा संघीय सरकारको ६५ प्रतिशत र व्यास नगपालिकोको ३५ प्रतिशत गरी सात करोडको लागतमा मूर्ति निर्माण कार्य अघि बढेको भएपनि संघीय सरकारले रकम समयमा नै निकासी नगर्दा समस्या देखिएको नगरप्रमुख न्यौपानेले बताए ।

विभिन्न शास्त्रीय प्रमाणले व्यासको जन्मभूमि दमौलीमा भएको स्वीकार गरिसके पनि प्रचारप्रसारको अभावमा यस क्षेत्रमा ओझेलमा परेको व्यासका अध्येता काशीनाथ न्यौपानेले बताए ।

योगी नरहरिनाथले वेदव्यासको अवतरण भूमि दमौलीस्थित शुक्ला माहेन्द्री संगम भएको उल्लेख गरेको र अन्य शास्त्रहरूमा पनि दमौलीमा जन्मभएको उल्लेख गरिएकोले प्रचारप्रसार गर्नुपर्ने न्यौपानेले बताए । उनले भने, ‘व्यासको बारेमा लेखिएको पुस्तकलाई व्यास नगरपालिकाले स्थानीय पाठ्यक्रममा समावेशन गरेपनि कार्यान्वयनमा नआएकोले कार्यान्वयनमा ल्याएर नयाँ पुस्तालाई यसको महत्वको बारेमा ज्ञान दिनुपर्ने आवश्यक छ ।’

व्यास भूमि पौराणिक, आध्यात्मिक, धार्मिक, पुरातात्विक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ तर यो कुराको प्रचार प्रसार नहुँदा ओझेलमा परेको गुनासो उनले गरे ।

व्यास क्षेत्र शिवपाञ्चायन विकास कोषका संरक्षक दामोदर बाबाले व्यास यही जन्मिएकोले विश्वका वैदिक सनातन धर्मप्रेमी र ओमकार परिवारको मुख्य तीर्थस्थलको रूपमा विकास गर्न

बाँकी अन्तिम पेजमा

# चार बुँदे सहमतिपछि रत्नहरि अस्पतालको ताला खुल्यो

**भञ्ज्याङ समाचारदाता/**दमौली

डेंगु संक्रमण भई अस्पताल भर्ना भएका व्यास नगरपालिका-१० निवासी ३५ वर्षीय कमलप्रसाद शर्माको मृत्यु अस्पतालको लापरवाहीका कारण भएको भन्दै पीडित पक्षले लगाएको ताला खोलिएको छ । पीडित पक्षले आइतबार अस्पतालमा तालाबन्दी गरेका थिए । तनहुँको व्यास-४ मुख्यचोकस्थित रत्नहरि अस्पतालमा लगाइएको ताला चार बुँदे सहमति गरी खोलिएको हो ।




सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेको संयोजनमा सोमबार बसेको पीडित र अस्पताल सञ्चालकबीचको बैठकले ताला खोल्ने सहमति गरेका थिए।

गम्भीर प्रकृतिको बिरामीलाई थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा रिफर नगरी अस्पतालमै विभिन्न बहानामा राखिएको पीडित परिवारको आरोप लगाएका छन् ।

अस्पतालमा शर्माको मृत्यु भएको घटनामा उपचारको क्रममा भएको कमी कमजोरी पत्ता लगाई दोषीलाई कारवाही सिफारिस गर्न मेडिकल काउन्सिललाई अनुरोध गर्ने बैठकले निर्णय गरेको छ ।

व्यास नगरपालिकाभित्र रहेका सबै अस्पतालहरू नेपाल सरकारले तय गरेका मापदण्ड अनुसार चलेका छन् की छैनन् भन्ने विषयमा स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले सहकार्य गरी असार १९ गतेदेखि नै अनुगमन गर्ने र असार २१ भित्र यथार्थ विवरण सार्वजनिक गर्ने सहमति गरिएको छ । असार १६ गते रत्नहरि अस्पतालमा कमल शर्माको उपचार र पोखरा पठाइएकामा एवं मृत्यु भएको सन्दर्भमा सत्यतथ्य के भएको हो ? तत्काल सार्वजनिक गर्न उक्त अस्पताललाई निर्देशन दिने सहमति भएको छ।

यस्तै, व्यास नगरपालिकाले नगरभित्र सञ्चालित अस्पतालको अनुगमन गर्ने भएको छ। व्यास नगरपालिकामा कार्यरत इन्जिनियर शर्माको रत्नहरी अस्पतालको लापरवाहीका कारण मृत्यु भएपछि नगरपालिकाले नगर क्षेत्रभित्रका अस्पतालले दिने सेवा र प्रयोगशालाको अनुगमन गर्ने भएको हो ।

नगरपालिकाले अस्पतालको सेवाका बारेमा पटक-पटक गुनासो आएकाले नवीकरण, दर्ता नगरी स्वास्थ्य संस्था सञ्चालन गरिएको सम्बन्धमा पाँच दिनभित्र प्रभावकारी अनुगमन गर्ने र आवश्यक सुधारका लागि सम्बन्धित अस्पताललाई निर्देशन दिने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताएका छन् । निर्देशन पालना नगरेमा कानून बमोजिम कारवाही गरिने उनले बताए ।

# एकीकृत निर्वाचन कानुनको मस्यौदा तयार

## विदेशमा रहेका नेपाली मतदाता नामावलीमा समावेश हुने

**प्रकाश सिलवाल/**काठमाडौं

सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकको विवरण मतदाता नामावलीमा संकलन गर्ने गरी नयाँ कानुनको मस्यौदा तयार गरेको छ । निर्वाचन व्यवस्थापनका सन्दर्भमा पछिल्ला निर्वाचनमा देखिएका कानुनी समस्या र अन्योललाई हटाउने गरी तयार भएको उक्त मस्यौदा नेपाल सरकार, गृह मन्त्रालयलाई बुझाउन सोमबार आयोगले निर्णय गरेको छ । उक्त विधेयकबारे राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले हालै दिएको चासो तथा विभिन्न राजनीतिक दलका महिला सङ्गठनका ध्यानाकर्षण समेतलाई ध्यान दिएर आयोगले विधेयकको मस्यौदा तयार गरेको हो ।

विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै




प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्ने उक्त मस्यौदामा उल्लेख गरेको छ । निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास र विगतका अनुभव तथा पृष्ठ पोषणसमेतका आधारमा साविकको निर्वाचन सम्बन्धी कानुनमा परिमार्जन गरी ‘निर्वाचन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’ नेपाल सरकार गृह मन्त्रालय मार्फत संसद्मा पेस गर्ने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

मस्यौदामा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमित रूपमा गर्ने, कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुने गरी कुनै पनि निर्वाचन

बाँकी अन्तिम पेजमा

तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।





३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।- जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्धतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा सँगै लानुहोस् ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com,

www.bhanjyangnews.com

# सम्पादकीय .........

www.bhanjyangnews.com

## घट्दो जनसंख्या !

तनहुँको जनसंख्या ३ लाख २१ हजार १५३ रहेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार तनहुँमा १ लाख ५० हजार ९४ पुरुष र १ लाख ७१ हजार ५९ महिलाको जनसंख्या रहेको छ । राष्ट्रिय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्कमा तनहुँमा पुरूषको भन्दा महिलाको संख्या २० हजार ९६५ बढि रहेको छ । तनहुँका ८८ हजार ५८३ घर परिवारमा जनता बसोबास गर्छन् । तथ्याङ्का अनुसार तनहुँमा २०६८ भन्दा २०७८ मा २१३५ जनसंख्या कमी देखिएको छ । यस्तै, तनहुँको जनसंख्य वृद्धि दर ऋणात्मक देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा तनहुँको जनसंख्या वृद्धि दर घट्दो क्रममा गएको छ । नेपालको बाह्रौ राष्ट्रिय जनगणना २०७८ मा गण्डकी प्रदेशका जिल्ला मध्ये सबैभन्दा बढी वार्षिक वृद्धिदर कास्की जिल्लामा (१.९०%) र सबैभन्दा कम बार्षिक जनसंख्या वृद्धिदर मनाङ जिल्लामा (-१.३९%) रहेको छ । गण्डकी प्रदेका ३ जिल्लामा मात्र वार्षिक जनसंख्या बृद्धि दर बढेको देखिन्छ । तनहुँ जिल्लाको -०.०६ प्रतिशत जनसंख्या बृद्धि दर रहेको निर्देशक बस्यालले बताए। सार्वजनिक तथ्याङ्क अनुसार गण्डकी प्रदेशको गोरखा -०.७४ प्रतिशत, मुस्ताङ ०.६९ प्रतिशत, म्याग्दी -०.५७ प्रतिशत, लमजुङ -०.७० प्रतिशत, नवलपरासी (पूर्व) १.८६ प्रतिशत, स्याङजा -१.२८, पर्वत -१.०९ प्रतिशत र बागलुङ -०.७२ प्रतिशत वार्षिक जनसंख्या वृद्धिदर रहेको देखाइएको छ । यस्तै, गण्डकी प्रदेश अन्तर्गत औसत परिवार सदस्य संख्या सबैभन्दा बढी नवलपरासी-पूर्व जिल्लामा ४.०३ जना र गोरखा जिल्लामा सबैभन्दा कम ३.४९ जना रहेको देखिएको छ । तनहुँमा ३.६३ जना औसत परिवार सदस्य संख्या रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार तनहुँमा ६७ वटा जात/जातिहरू भेटिएका छन् । वि.सं. २०६८ मा ६० वटा रहेकामा रानाथारू, भुमिहार, सुरेल, पुन, रोनियार, बनियाँ र केवरत गरी ७ वटा थपिएका छन् । सबै भन्दा बढी जनसंख्या मगर ८३ हजार ६३९ जना (२६.०४ प्रतिशत) रहेको छ भने सबै भन्दा कम जनसंख्या राजपुत जातिको जम्मा १० जना रहेको छ । तनहुँ जिल्लामा ४१ वटा मातृभाषाहरू भेटिएका छन् । वि.सं. २०६८ मा रहेका २८ वटा मातृभाषा कायम राखी १३ वटा मातृभाषा थपिएका छन् । सबै भन्दा बढी बोल्ने मातृभाषा नेपाली २ लाख १ हजार ३८७ जना (६२.७ प्रतिशत) रहेको छ भने सबै भन्दा कम चाम्लिङ, ह्याल्मो र अंग्रेजी मातृ भाषा बोल्ने जनसंख्या सबैको ११/११ जना रहेको देखाइएको छ ।

यस्तै, स्थानीय तह अनुसार तनहुँको आँवुखैरेनी गाउँपालिकाको जनसंख्या २२ हजार २५२ रहेकोमा जनसंख्या वृद्धिदर ०.६६ प्रतिशत रहेको छ । बन्दिपुर गाउँपालिकाको जनसंख्या १८ हजार ५३२ रहेकोमा -०.७४ प्रतिशत जनसंख्या वृद्धिदर रहेको छ । भानु नगरपालिकाको ४२ हजार ७९४ जनसंख्या रहेकोमा जनसंख्या वृद्धिदर -०.६५ प्रतिशत रहेको छ । भिमाद नगरपालिकाको जनसंख्या २९ हजार २४८ रहेकोमा जनसंख्या वृद्धिदर -०.६७ प्रतिशत, व्यास नगरपालिकाको जनसंख्या ७८ हजार ९३९ रहेकामा जनसंख्या वृद्धिदर १.११ प्रतिशत, देवघाट गाउँपालिकाको जनसंख्या १४ हजार ५८४ रहेकामा जनसंख्या वृद्धिदर -०.९७ प्रतिशत रहेको छ । घिरिङ गाउँपालिकाको जनसंख्या १४ हजार ३३४ रहेकामा जनसंख्या वृद्धिदर -२.८६ प्रतिशत, म्याग्दे गाउँपालिकाको जनसंख्या २३ हजार ५७८ रहेकोमा जनसंख्या वृद्धिदर ०.४५ प्रतिशत, ऋषिङ गाउँपालिकाको जनसंख्या १७ हजार ९१८ रहेकोमा जनसंख्या वृद्धिदर -३.५२ प्रतिशत रहेको छ भने शुक्लागण्डकी नगरपालिकाको जनसंख्या ५५ हजार ६२० रहेकोमा १.३२ जनसंख्या वृद्धिदर रहेको छ । तनहुँमा ८६.३ प्रतिशतले धारा/पाइपको पानी उपभोग गर्दै आएका छन् । ढाकिएको इनार/कुवाको पानी उपभोग गर्ने जनसंख्या २.३ प्रतिशत, खुला इनार/कुवाको पानी उपभोग गर्ने जनसंख्या ३.६ प्रतिशत, मूल धाराको पानी उपभोग गर्ने ६.४ प्रतिशत, नदी/खोलाको ०.५ प्रतिशत, जार/बोतल ०.८ प्रतिशत र अन्य स्रोतको पानी उपोग गर्ने जनसंख्या ०.२ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरिएको छ । यस्तै, तनहुँमा ९७.२३ प्रतिशत जनसंख्याको पहुँचमा बिजुली बत्तीको पहुँच पुगेको छ । २.१९ प्रतिशतले सोलार/सौर्यउर्जा, ०.३३ प्रतिशतले मट्टीतेल, ०.०३ प्रतिशतले बायोग्यास उर्जा प्रयोग गर्छन भने अन्य स्रोत प्रयोग गर्नेको जनसंख्या ०.२२ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कार/जीप/भ्यान साधान-सुविधाहरू प्रयोग गर्नेको जनसंख्या २.९ प्रतिशत, मोटरसाइकल/स्कूटर प्रयोग गर्ने २२.३ प्रतिशत, साइकल प्रयोग गर्ने ६.७ प्रतिशत, विद्युतीय पंखा प्रयोग गर्ने ५५.५ प्रतिशत, रेफ्रिजेरेटर प्रयोग गर्ने ३४.७ प्रतिशत, वासिङ मेसिन प्रयोग गर्ने जनसंख्या २.७ प्रतिशत, इअर कन्डिशन प्रयोग गर्ने ०.४ प्रतिशत र २.८ प्रतिशतले कुनै पनि सुविधा उपभोग नगर्ने तथ्याङ्कमा उल्लेख गरिएको छ । यस्तै, सार्वजनिक तथ्याङ्क अनुसार तनहुँमा मगर समुदायको जनसंख्या बढि रहेको छ । तथ्याङ्क अनुसार २६.०४ प्रतिशत मगर, ११.४७ प्रतिशत क्षेत्री, ११.४२ प्रतिशत ब्राम्हण-पहाड, १०.९६ प्रतिशत गुरूङ, ८.२० प्रतिशत विश्वकर्मा, ७.६४ प्रतिशत नेवाः (नेवार), ४.९२ प्रतिशत मिजार, ३.६९ प्रतिशत परियार, २.७२ प्रतिशत कुमाल र २.३९ प्रतिशत ठकुरी जातजातिको जनसंख्या रहेको छ । तथ्यांकका अनुसार तनहुँ जिल्लामा ६७ वटा जातीका बासिन्दा बसोबास गर्छन् । त्यसैगरि हिन्दु धर्मावलम्बीको संख्या ८४ प्रतिशत, बौद्ध धर्म मान्नेको संख्या ९.७३ प्रतिशत, क्रिष्चियन धर्म मान्नेको संख्या २.३ प्रतिशत तथा इस्लाम धर्म मान्नेको संख्या १.५६ प्रतिशत रहेको छ । तनहुँका पुरूष ३३३३९ र महिला ४०३३ गरि ३७३७२ जना बिदेशमा कार्यरत रहेका छन् ।

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६३१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

# सत्यम्, शिवम्, सुन्दरम् !

सत्यम, शिवम र सुन्दरम शब्द मानिसले हजारौं पटक सुनेको र बोलेको हुन्छ । यसरी हजारौं पटक सुनेको र बोलेको शब्दको वास्तविकता र परिभाषा गर्न सकिन्छ कि सकिदैन ? भन्ने विषयमा चर्चा गर्न अति आवश्यक देखिन्छ । मानवजातीले आफूले नित्य बोलेका र सुनेका कतिपय कुरा यतिकै, नजानी, नबुझी नै बोल्ने र प्रयोग गर्ने गर्छौ भने कतिपय कुरा सदियौंदेखि गर्दै आएको कारण अर्थै नबुझी गर्नका लागि गरिदिन्छौं। यसो गर्दा सत्य लुक्न जान्छ र पछिल्लो पुस्ता भ्रममा पर्दै व्यवहारमा असत्य (तथ्यहिन) बाटोतिर लाग्ने खतरा बढ्छ/देखिएको छ । कालान्तरसम्म यसरी चल्दै जाँदा शास्त्रहरूको (धार्मिक शास्त्रहरु बौद्ध, वैदिक आदि सबै दर्शन र सिद्धान्तहरु) महत्व र आकर्षण घट्दै जाने खतरा हुन्छ । ज्ञान वा चैतन्य विकासमा अवरोध भएको अवस्थामा यसको महत्त्व या आकर्षण घट्नु स्वाभाविक हरूोला। तर ज्ञान वा चैतन्य नै लोप गराउनेतिर गइयो भने धार्मिक विषय र सांस्कृतिक विषयमा असन्तुलन हुन जान्छ। त्यो असन्तुलनले हाम्रो पहिचान र अस्तित्व नै लोप हुनसक्छ। त्यसैले पौरत्स्य आलोकका ज्ञानको खोजी गर्न जरूरी देखिन्छ । पौरत्स्य आलोकका दर्शनले सत्यम्, शिवम् र सुन्दरमको व्याख्याभित्र धेरै विषयलाई निष्ठाका रूपमा सत्कर्मको मार्ग भनेर जोडिदिएको देखिन्छ ।

एक पटक सत्यम्, शिवम् र सुन्दरमको अर्थको विश्लेषण गरौं !

सत्यमको अर्थ इश्वर (सत्य) शिवमको अर्थ शिव र सुन्दरमको अर्थ कला हो । अर्थात शिवमा भएको अदभूत कला र ज्ञानको श्रोत नै इश्वरको स्वरूप हो भन्ने अर्थ लगाउदा अनुपयुक्त नहोला । यस्तो अर्थबाट हेर्ने हो भने शिवमा योग, ध्याज, तप, जप, तन्त्र, मन्त्र सहितको शान्तिको श्रोत मानिएको पाइन्छ ।

वेद, उपनिषद् तथा पुराणहरूमा सत्यम, शिवम् र सुन्दरमको व्याख्या र महिमा कसरी गरिएको छ त ?

सत्यमः योगको अर्को अङ्ग नै सत्य हो। हिन्दु धर्म अनुसार ब्रह्म नै सत्य हो । ब्रह्म (आफू)ले परमेश्वर बाहेक सबैको बारेमा बताउन सक्छ/जानेको हुन्छ । व्यक्तिले जीवन पर्यन्त सारा जीवन भ्रममा बिताउछ । ब्रह्म निराकार,निर्विकार र निर्गुण हुन्छ । ब्रह्म बुझ्ने विकल्प पनि आफैं हो अर्थात आत्माले मात्रै इश्वरीय ज्ञानप्राप्त गर्न सक्छ ।

"आत्मा नै सत्य हो, जुन अजर, अमर, निर्विकार र निर्गुण" हुने गर्दछ भनिएको छ। शरीरभित्र भएको त्यो सत्यको पहिचान गर्न नसक्नु नै मानिसको भुल हो भनिएकोछ । "सत (ईश्वर) एक हुन्छ। त्यसलाई इन्द्र,वरूण/अग्नि आदि नामाकरणले पुकारिन्छ। -ऋग्वेद

"जो सर्वप्रथम ईश्वर इहलोक अथवा परलोकमा फरकफरक स्वरूपमा देखिन्छन । त्यो मृत्युदेखि मृत्युसम्म हुन्छ अर्थात बारम्बार जन्म र मरणको चक्रमार्गमा फसेको हुन्छ ।" - कठोपनिषद - ।।१०।।

सत्यको अलौकिक अर्थः सत्य वचन मनुष्यलाई सम्झन कठिन हुन्छ तर सत्यको लागि धर्म र शास्त्रले सरल ढङ्गले ब्याख्या गरेको छ । आम मानिसले सत्यका बारेमा जान्नु भनेको सत्य बोल्नु हो । सत्य शब्द सत् र तत् धातु मिलेर बनेको हुन्छ/हो । त्यसैकारण सत्यको अर्थ परआत्माको सर्वव्यापी/जगतभर आत्माको जालोको रूपमा फैलिएको हुन्छ भनेर मानिएको/ठानिएको छ।

सत्यको अलौकिक अर्थ : सत्य सम्झन नै कठिन छ र मानिन्छ । धर्म र दर्शनसगँ जोडिएको कठिन विषय भएकोले बुझ्न पनि कठिन छ भनिएको हो। सत्य इश्वरले बाहेक अरूले पहिचान गर्न नसकिने रहस्यको विषय हो भनेर ब्याख्या गरियो । यसको अर्थ यो र त्यो हो । सत्य एक तर्फि हुदैन त्यसैले यो र त्यो दुबै ईश्वरीय अंश हुन ।

जीवन, संसार र मन एक अर्कामा विरोधी छन् । यहि विरोधभित्र लुकेको स्थितप्रज्ञ आत्मा र ईश्वर हो । सत्यलाई चिन्न तर्कशक्ति, बुद्धि र बोध गम्य क्षमताको ज्ञान हुनु जरूरी छ । तर्क र बुद्धिको कसरतले द्वन्द्व र दुविधाको अन्त्य हुन्छ भन्ने अर्थमा पनि सत्यको व्याख्या गरेको भेटिन्छ ।

शास्त्रमा आत्मा, परआत्मा, प्रेम र धर्मलई नै सत्य मानेको पनि भेटिन्छ । संसार/चराचर जगतमा सत्य भन्दा ठूलो केही छैन । सत्यको साथले नै मानवको दुख पीडा हटेर मन हल्का, शरीर स्वास्थ र चित्त प्रसन्न गराउछ साथै सत्यको उपयोगिताले विचारको विमर्श र क्षमताको प्रयोग गर्न सहयोग गर्दछ, भनिएको छ । अर्थात सत चित आनन्दको प्राप्ति हुन्छ भनिएको छ ।

"सत चित आनन्द"को अर्थ : सत् अर्थात मुल कण या तत्व, चित्त अर्थात आत्मा र आनन्दको अर्थ प्रकृति र आत्माको मिलनबाट उत्पन्न अनुभुती हो/शुद्ध आत्माको अनुभव/सकारात्मक अनुभव ! परात्मा र आत्मा/अरूको भावना र आफ्नो भावनाको सम्मान नै सत्य हो । आत्मा सत सत्य र चित चितको एकाग्रताले प्राप्त गर्ने आनन्दको महसुस गर्नु नै "सत चित आनन्द (सतचितानन्द) प्राप्त" गर्नु हो । भनिएको छ ।

सत्यको लौकिक अर्थः सत्य बुझ्न कठिन छ । ईश्वर नै सत्य हो । सत्य बोल्नु, बताउनु र समर्थन गर्नु सत्य हो । सत्य सम्झनु, सम्झाउनु र आचरणमा सत्य देखाउनु नै सत्यको लौकिक अर्थ हो तर मानिसको भौतिक वस्तुप्रतिको मोह, पारिवारिक सुख र गृहस्थको कारण सत्य बोल्न, बोलाउन र व्यवहारमा देखाउन कठिन छ । यहि कठिनाइले मानिसलाई अर्धमी/पापी (झुट) बनाइ रहेको छ- त्यहीं असत्यको बारेमा बुझेपछि मानिसले सत्य खोज्ने विषयलाई ज्ञान/बोधको रूपमा मानिएको भेटिन्छ ।

सत्यको व्यवहारीक पक्ष कठिन भएको कारण मानिस सत्य भन्दा टाढा बस्छ । असत्यको वकालत गर्ने मानिसमा आफैंभित्र भ्रम र द्वन्द्व हुन्छ । आफुभित्र प्रवेश गरेको भ्रम र द्वन्द्वले अशान्ति उत्पन्न गराउछ र मानिस रोगी हुन जान्छ । मानिसको मन रोगी भएपछि शरीरमा रोग लाग्छ । रोगले धन र मन दुबैलाई विस्तारै सिद्धयाउँछ । त्यसैले मानिसले सत्य र सतचरित्रको अनुसरण गर्नु पर्दछ । त्यो अरूको लागि, अरूलाई देखाउनको लागि हैन् आफुमा रहेको भ्रम र द्वन्द्वको अन्त्य गर्दै चैतन्यलाई बलियो बनाउनको लागि सतमार्गमा लाग्नुपर्छ भन्न खोजिएको छ र हो ।

सत् र तत् धातु मिलेर सत्य शब्द बनेको हो । यसको अर्थ हो यहाँ, वहाँ र जहाँ पनि छ भनेर सत्यको पक्षमा उभिनु नै परम सत्य हो- अर्थात सत्य एकलौटी हुदैन भन्न खोजीएको छ । कुनै वस्तुको छाँयालाई वस्तु मान्नु सत्य होइन । वस्तु नै भेट्नु या देख्नु मात्रा सत्य हो । त्यसैले सत्य खोज्दा भ्रम उत्पन्न हुनु हुदैन- सत्यको खोजको लागि तर्क र सत्य वचनमा टेकेर मात्रै गर्नु पर्ने हुन्छ । सुख र दुःखलाई जीवनको सत्य मान्नु भुल हो । सत्य वचन र व्यवहारले सिकाएको अनुभवले आचरणमा शुद्धिकरण गर्दछ । आचरणको शुद्धतासंग आत्मबल बलियो बनाउने शक्ति हुन्छ र मनका विकारहरु बाहिरीन सहयोग पुग्छ, भनिएको छ ।

शिवमः शिवम शब्द प्राय महादेवसंग जोडिएर आउने गर्छ । शिवमको अर्थलाई शिवसंग जोड्नु हुँदैन । यसको अर्थ हो; निराकार, निरञ्जन, निर्गुण र अमुर्त सत्य हो । शिवम शुभ, सत्य र राम्रो भन्ने अर्थ जोडिएको मानव कला र सुन्दरता हो । सत्यम, शिवमको प्राप्ति/ज्ञान/ध्यान एकाग्रताबाट प्राप्त हुने चरम आनन्दको सुखको अनुभूति नै शिवम हो, भनेर हाम्रा आध्यात्मिक दर्शनहरुमा लेखेको भेटिन्छ ।

सत्यम, शिवम, सुन्दरमको आध्यात्मिक परिभाषाभित्र परेका सयौंको, हजारौं सत्यलाई छोडेर हामीले सामाजिक पछौटेपनका अवशेषहरूलाई अझै अवलम्बन गर्दै धर्म, संस्कार र संस्कृतिसगँ जोडिरहेका छौ । तर व्यवहारमा यस्तो छैन । अझै हामी सत्य र तथ्य छोडेर अनेकौं अन्धविश्वास र रूडताले हाम्रो चिन्तन र विचारलाई रूग्ण बनारहेका छौ, सत्यम, शिवम र सुन्दरमको अर्थ तोडेर समाजलाई विभेदकारी व्यवहार, लोभ र मोहको चक्रमा रूमल्न खोज्दै छौ । त्यही विकारले जीर्ण व्यवहार गर्दैछौं । हामीले मान्ने हरेक धर्म, संस्कृति र संस्कारहरूलाई तथ्यको आधारमा सत्य व्यवहार गर्न सकुन्नु पर्दट भने पौरत्स्य दर्शनको आलोकको प्रकाश हराउने अवस्थामा छ । यस्ता विषयमा सम्बन्धित निकायहरूको ध्यान जानु जरूरी देखिन्छ ।

साउन महिनालाई विषेशगरि शिवको महिना मानिन्छ । शिवलाई सम्झदा अन्धाधुन्ध र अन्धकारभित्र रहेको ज्ञान, ध्यान, योग, तप, जप र वैराग्य सम्झन सक्नु पर्दछ । शिवमको ज्ञानको परिभाषा केलाउन सक्यो भने शिव त्यहिँ भित्र भेट्न सकिन्छ । तर, त्यो विषय भन्दा बाहिर गएर सत्यम, शिवम्, सुन्दरमलाई परिभाषित गर्न खोज्दा शिवमको रूप विग्रिएर भाँङ, धतुरो, सोमरस चटाउने जटाधारी, शिव हुन पुग्छ । त्यसैले जे गर्ने हो या गरिन्छ त्यो विषयलाई गहिरो अध्ययन, चिन्तन र मनन् गरेर लागू गर्न सक्यो भने उत्तम हुने कुरा पौरत्स्य दर्शनबाट प्राप्त गर्न सकिन्छ । सनातन धर्म र सनातन धर्मभित्रका कर्ममा नै सत्य र ज्ञानका सयौं उपाय बताइएको छ । त्यो बुझ्न चेत र चैतन्य खुल्नु आवश्यक छ । *(लेखक महिला अध्ययन केन्द्रकी अध्यक्ष हुन्)*



**सत्यको व्यवहारीक पक्ष कठिन भएको कारण मानिस सत्य भन्दा टाढा बस्छ । असत्यको वकालत गर्ने मानिसमा आफैंभित्र भ्रम र द्वन्द्व हुन्छ । आफुभित्र प्रवेश गरेको भ्रम र द्वन्द्वले अशान्ति उत्पन्न गराउछ र मानिस रोगी हुन जान्छ । मानिसको मन रोगी भएपछि शरीरमा रोग लाग्छ । रोगले धन र मन दुबैलाई विस्तारै सिद्धयाउँछ ।**

सीता ओझा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
समाजले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पशुपालन र कृषिमा लाभ मिल्नेछ। सन्तानको साथले उत्साह जगाउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
समस्या पर्दा सहयोग गर्नेहरु भेटिनेछन् । अवसरको खोजीमा केही दौडधुप भने गर्नुपर्ला ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
नयाँ काममा जग बसाउने समय छ । कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
व्यापारमा थोरै लगानीबाट पनि लाभ आर्जन हुनेछ । नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
अप्ठ्यारो पर्दा शुभचिन्तकहरूले साथ दिनेछन् । दोहोर्याएर प्रयास गर्दा काम बन्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
मनग्य धन लाभ हुनाले सोख पूरा गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ । प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
शरीरमा कमजोरी अनुभूति हुनेछ। स्वास्थ्यका लागि आहार-विहारमा सजग हुनुहोला ।

# स्थानीय तहबाट प्रस्तावित नमूना कार्यक्रम

**केही स्थानीय तहहरूले घोषणा गरेको केही मुख्य कार्यक्रमहरूलाई हेर्दा नागरिकलाई सेवा सुविधा प्रदान एवं जीवनस्तरमा सुधार गर्न तथा भौतिक पूर्वाधारको विकास गर्न खोजेको देखिन्छ । प्रस्तावित कार्यक्रमहरूमा मौलिकता त छादैछ कार्यान्वयनको चुनौती पनि छ । संघीय संरचनामा स्थानीय तहहरूले अघि सार्ने वार्षिक कार्यक्रमहरू र ती कार्यक्रमको इमान्दारपूर्ण कार्यान्वयन दुवैले विशेष अर्थ राख्दछन् ।**

**नेत्र सुवेदी 'प्रयास'**

नेपालको संविधानअनुसार तोकिएको दिन अर्थात असार १० गतेभित्रै अधिकांश स्थानीय तहले आफ्नो सभासमक्ष बजेट पेश गरेका छन्। संघीयता कार्यान्वयनसँगै तीन तहका सरकारहरूले आर्थिक वर्ष थालनी हुनुअघि वर्षभरि गरिने योजना र त्यसको कार्यान्वयनका लागि आवश्यक रकमको प्रबन्धसहित जनतालाई प्रदान गरिने सेवालाई नीति तथा कार्यक्रम र बजेटमार्फत प्रस्तुत गरिएका छन् । यद्यपि, केही पालिकाहरूको बजेट समयमा प्रस्तुत हुन सकेको छैनन् । संघीयता कार्यान्वयनपछि पहिलो कार्यकालमा नीति निर्माण र आवश्यक भौतिक संरचनामा नै अधिकांश समय व्यतित भए पनि दोस्रो कार्यकालदेखि तिनको कार्यान्वयनको थालनी भएका छन् । यसले स्थानीय विकास निर्माण र जनताका जीवनयापनमा उल्लेखनीय सुधार ल्याउने लक्ष्य राखिएको छ । यस लेखमा केही पालिकाहरूले आफ्नो पालिकाभित्र वर्षभरि सम्पादन गरिने कार्यक्रम र त्यसको कार्यान्वयनका लागि बजेटको विनियोजनका उदाहरणीय योजनाहरू प्रस्तुत गरिएका छन्।

भरतपुर महानगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा सहरी पूर्वाधार, अधुरा आयोजनालाई पूर्णता दिने, भूउपयोग तथा वस्ति विकासका कार्यक्रमको सञ्चालन गर्ने, हाम्रो सहर, हरियाली तथा स्वच्छ सहरको अवधारणाअन्तर्गत सडक किनारामा वृक्षरोपण गगर्ने भएको छ। मागमा आधारित उद्यम विकास तालिम, 'श्रमको सम्मान राष्ट्रको स्वाभिमान' भन्ने नाराका साथ पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन तथा शिक्षामा सुधारका लागि एक कक्षा एक शिक्षक, मेयरसँग विद्यार्थी, मौलिक र व्यावहारिक शुक्रबार जस्ता कार्यक्रमहरूको कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ ।

भरतपुर भ्रमण वर्ष २०२४ मा विविध पर्यटकीय क्रियाकलापहरू: पर्यापर्यटन, सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, जल पर्यटन, माइस पर्यटन, कृषि पर्यटन, स्वास्थ्य पर्यटन, सहकारी पर्यटन, खेल पर्यटन, शैक्षिक पर्यटन सञ्चालन गरी दुई लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको । भरतपुर-पोखरा-लुम्बिनी स्वर्ण त्रिकोण पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ। लगानी सम्मेलन आयोजना गरी लगानी आकर्षित गर्ने जनाएको छ । यसैगरी स्वस्थ आहार स्वस्थ व्यवहार, हरेक घर सम्मानित घरको अवधारणा लागू गर्ने, रोजगारी सिर्जना हुने तथा ठूला मेसिनरी औजार प्रयोग नहुने योजनाहरू मात्र उपभोक्ता समितिबाट गर्ने तथा जनसहभागिता नजुट्ने योजना बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने नीति लिनुको साथै प्रविधि प्रसार कार्यक्रम सञ्चालन । खेतीयोग्य जमिनमा सिंचाईका लागि जीर्ण अवस्थामा रहेका नहर एवं कुलो मर्मत गर्नुको साथै साना सिंचाइका लागि अनुदानको व्यवस्था गरेको छ ।

यसैगरी ललितपुर महानगरपालिकाले 'ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा संस्कृतिसहितको स्मार्ट सेवा पूर्वाधार'को अवधारणा अघि सारेको छ । नगरभित्र हरियाली पार्क निर्माण, साइकल लेन, स्मार्ट सडक बत्तीको व्यवस्था, किसानहरूलाई सहुलियत कर्जाका लागि बीऊ पुँजीको व्यवस्था, विद्युतीय शवदाह गृह निर्माण र सुविधासम्पन्न दमकलको व्यवस्था गर्ने प्रतिवद्धता जनाइएको छ । यस्तै हस्तकला प्रवर्द्धन, सडक पूर्वाधार निर्माण, सम्पदा संरक्षणमा विशेष जोड, अपाङ्गमैत्री फुटपाथ निर्माण र 'एक वडा एक उद्यान, एक घर एक बोट' अभियान सञ्चालन गरी नगरको हरियाली प्रवर्द्धन तथा आयआर्जनका अवसरहरूलाई विस्तार गरिने नगरपालिकाको योजना एवं कार्यक्रम रहेको छ । काठमाडौँ महानगरपालिकाले महानगर गौरवका योजना १०, महानगर स्वर्णिम योजना २५ र महानगरका प्राथमिकताप्राप्त (वडाबाट प्राप्त) योजना कार्यान्वयनमा ल्याउने भएको छ। 'गरिखाने शिक्षा, महानगरको इच्छा' भन्ने नयाँ कार्यक्रमको कार्यान्वयन, 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा'अन्तर्गत सरल र सुलभ स्वास्थ्य सेवा सञ्चालन तथा धुलोरहित काठमाडौँ अन्तर्गत सडक तथा सडक पेटी मर्मत एवं अस्फाल्ट प्लान्ट स्थापनामा जोड दिइएको छ । यस्तै पूर्वाधार एम्बुलेन्स प्रयोग, होर्डिङ्ग बोर्ड र तार व्यवस्थापन गरी शहरी सौन्दर्य कायम गर्ने, शहरी पूर्वाधार एवं शिक्षा क्षेत्रको सुधारलाई महानगरले उच्च प्राथमिकतामा राखेको छ ।

पोखरा महानगरपालिकाले प्राकृतिक सम्पदा एवं स्रोतहरूको संरक्षण र सम्बर्द्धनमा जोड दिएको छ । फेवाताल किनार लेकसाइडलाई चौबिसै घण्टा खुल्ला गर्ने अवधारणा कार्यान्वयनमा ल्याइने, सिमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने, फिर्केखोला संरक्षण (फुटपाथ तथा साइकल लेनसहित) र 'एक घर एक बिरूवा अभियान' सञ्चालन गर्ने भएको छ । यस्तै युवासँग महानगर अभियानमार्फत सीप र प्रविधिमा लगानी प्रवर्द्धन गरिने, सामुदायिक वन समूहसँग सहकार्य गरी बाँदर व्यवस्थापन गरिने, सार्वजनिक यातायातमा जिपिएस र विद्युतीय भुक्तानी प्रणाली जडान गरिने र सार्वजनिक स्थलमा प्लास्टिकका झोला, पानीका बोतल विसर्जन गर्ने र जलाउने कार्य प्रतिबन्ध लगाउने भएको छ । वीरगञ्ज महानगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाई र वातावरणलाई प्राथमिकता दिएको छ भने डिजिटल सेवा प्रवाहमा जोड दिएको छ ।

यसैगरी बुटवल उपमहानगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता, गृहिणी महिला रोजगार कार्यक्रम कार्यान्वयन, उपप्रमुख दुग्धवर्द्धक जडिबुटी वितरण कार्यक्रम र उज्यालो बुटवल कार्यक्रमलाई समावेश गरेको छ । साथै, एकल महिला, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिले रिक्सा र टेम्पोको सवारी धनी भई चालक समेत भएकामा प्रोत्साहन गर्न नवीकरण शुल्कमा २५ प्रतिशत छूटको व्यवस्था गरी सहुलियत प्रदान गरेको छ ।

इटहरी उपमहानगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा नवप्रवर्तन, अनुसन्धान तथा 'आइडिया इभेन्ट' कार्यक्रम, विद्युतीय बस सञ्चालन र चार्जिङ्ग स्टेशन निर्माण, रात्रिकालीन बजार सञ्चालन तथा सामुदायिक विद्यालयको शैक्षिक गतिविधि निगरानी गर्न सिसी क्यामेरासहितको निगरानी कक्ष स्थापना गर्ने उल्लेख छ । धरान उपमहानगरपालिकाको खानेपानी, पूर्वाधार विकास, पर्यटन, कृषि, शिक्षा स्वास्थ्य तथा सामाजिक विकास र विपद् व्यवस्थापन क्रमशः प्राथमिकतामा रहेको छ भने घरघरमा गमलामा अनिवार्य खुर्सानी उमार्ने नीति रहेको र सयपत्रीको फूल पनि नगपालिकाभरि लगाउन नगरवासीलाई प्रोत्साहित गरिएको छ ।

वीरेन्द्रनगर उपमहानगरपालिकाले पनि 'शैक्षिक प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ समुन्नत वीरेन्द्रनगर' सोचबाट निर्देशित कार्यक्रमलाई प्राथमिकता दिएको छ। यसबाहेक, खानेपानीको समस्या समाधानका पहलहरू, प्रादेशिक शैक्षिक हवको रूपमा विकास, शहरी सौन्दर्यीकरण, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, एक वडा एक खुल्ला क्षेत्र, छाडा पशु नियन्त्रण तथा गौशाला सञ्चालन जस्ता कार्यक्रममा जोड दिएको छ । भूमि, कृषि र पशुपालनलाई पहिलो प्राथमिकतामा राख्दै सहकारी, घरेलु उद्योग, पर्यटन प्रवर्द्धन, युवा उद्यम, महिला स्वरोजगारलगायतका कार्यक्रम सञ्चालन, विद्युतीय सुशासन विस्तार तथा विद्युतीय प्रशासनिक नियमन, बुबा-आमासँग सञ्चो-विसन्चो नामक स्वास्थ्य अभियान सञ्चालनजस्ता नयाँ कार्यक्रमहरू पनि समावेश गरिएको छ ।

यसैगरी धनगढी उपमहानगरपालिकाले विभिन्न क्षेत्रगत रूपमै लक्ष्य निर्धारण गरेको छ । उपमहानगरपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा आर्थिक विकास पाँच प्रतिशत, सामाजिक विकास ४४.२० प्रतिशत, पूर्वाधार विकास १९ प्रतिशत, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तीन प्रतिशत र कार्यालय सञ्चालन २८.८ प्रतिशतमा हुने लक्ष्य लिएको छ ।

घोराही उपमहानगरपालिकाले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, सामुदायिक विद्यालयको भौतिक सुधार, शैक्षिक गुणस्तर वृद्धि, आधारभूत स्वास्थ्य, उद्यमशीलताको विकास, रोजगारीका अवसर सिर्जना र सडक पूर्वाधारमा नागरिक पहुँच वृद्धिजस्ता कार्यक्रमलाई बजेटमा प्राथमिकता दिएको छ। यसैगरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यातलाई प्रवर्द्धन गर्ने र तरकारीमा आत्मनिर्भरता विकास गर्ने, कृषि मोबाइल एप सञ्चालन, प्रत्येक नमुना माध्यमिक विद्यालयहरूमा स्वास्थ्यकर्मी व्यवस्थापन, लागूऔषध दुर्व्यसनीमुक्त नगर घोषणा र सिकलसेल एनिमिया रोगको नियमित जाँचका लागि मेसिन खरिदमा बजेट विनियोजन गरेको छ ।

त्यसैगरी देशका अन्य नगरपालिका र गाउँपालिकाहरूले पनि आ-आफ्नै आवश्यकता र क्षमताअनुसारका कार्यक्रम प्रस्ताव गरेका छन् । व्यास नगरपालिका, तनहुँले कृषि, स्वास्थ्य र पर्यटनलाई प्राथमिकतामा राखेर नगरपालिकाले आर्थिक समृद्धि हासिल गर्ने, बुधबारे हाटबजार पुनः सञ्चालनमा ल्याउने, एक वडा एक फलफूल, पुष्पखेती तथा तरकारी नर्सरी स्थापना गरिने, टाकुरा पर्यटन सञ्जाल, पर्यटन प्रवर्द्धन सूचना केन्द्र स्थापना गरिने र विषय विज्ञहरूको अनुभव, परामर्श, सल्लाहको सदुपयोग हुने गरी कार्यक्रम अघि सारेको छ ।

त्यस्तै मकवानपुरको थाहा नगरपालिकाले अबको कदम लघु उद्यम तथा पाहुनालाई कोशेली, स्थानीयलाई रोजगारी जस्ता नाराका साथ आफ्नो बजेट प्रस्तुत गरेको छ । चितवनको कालिका नगरपालिकाले मह, च्याउ, केरा, कोदो, फापर र पिँडालुजस्ता स्थानीय उत्पादनलाई गुणात्मक वृद्धि गर्दै 'मेक इन कालिका' प्रतीक चिन्ह राखेर बजारीकरण गर्ने नीति लिएको छ भने सुशासनका लागि शुन्य बेरूजुको नीति अवलम्बन गर्ने तथा प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आर्थिक नियन्त्रण) ऐन, २०७९ लागू गर्ने जस्ता असल पहल समेत गरेको छ।

त्यसैगरी रूपन्देहीको तिलोत्तमा नगरपालिकाले पेश गरेको बजेटमा मुलतः शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधारलाई जोड दिएको छ भने सैनामैना नगरपालिकाले कृषि क्षेत्रको प्रवर्द्धन, सामाजिक विकास, पर्यटन प्रवर्द्धन र शिक्षा क्षेत्रको विकासमा प्राथमिकता दिएको बुझिएको छ । सिरहाको लहान नगरपालिकाले 'हाम्रो लहान, सभ्य, सुन्दर र समुन्नत लहान' को नारा कार्यान्वयन गर्न शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको छ। शिक्षा सुधारका २६ वुँदे कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा तीनसम्म अंग्रेजी माध्यमबाट सिकाईमा सुधार, स्थानीय पाठ्यक्रम अवलम्बन, विद्यालयमा नर्सको व्यवस्था, छात्रवाससहितको प्राविधिक विद्यालय सञ्चालन गर्नेलगायतका कार्यक्रम समावेश गरेको छ ।

कृषितर्फ कस्टम हायरिङ्ग सेन्टर स्थापना, लहानको आँपलाई ग्रेडिङ प्याकेजिङ तथा ब्राण्डिङ गरिने, कृषकलाई अनलाइन सूचिकरण गरी किसान कार्ड लागू गरिने, सिँचाइ सुविधामा जोड दिएको छ भने स्वास्थ्यतर्फ एक नगर अस्पताल निर्माण गरिने, स्वास्थ्य चौकीको स्तरोन्नति गरिने, बर्थिङ्ग सेन्टर स्थापना, निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गर्ने जनाएको छ । पाँचथरको फिदिम नगरपालिकाले एक वडा एक उत्पादन र विद्यार्थीका लागि पढ्दै कमाउँदै जस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै कृषि पशुपालन र सुशासनसँगै पर्यटन र पूर्वाधार विकासका लागि स्रोतको व्यवस्था गरेको छ ।

त्यसैगरी गुल्मीको गुल्मी दरबार गाउँपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधारको क्षेत्रलाई बजेटको मुख्य प्राथमिकतामा समेटेको छ। मकवानपुरको राक्सिराङ्ग गाउँपालिकाले 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर' उपहार नाराका साथ गाउँपालिकामा बसाइ सरेर आउन प्रोत्साहित गरेको छ। धनकुटाको महालक्ष्मी नगरपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता र विपद् व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखेको छ ।

अन्त्यमा, केही स्थानीय तहहरूले घोषणा गरेको केही मुख्य कार्यक्रमहरूलाई हेर्दा नागरिकलाई सेवा सुविधा प्रदान एवं जीवनस्तरमा सुधार गर्न तथा भौतिक पूर्वाधारको विकास गर्न खोजेको देखिन्छ। प्रस्तावित कार्यक्रमहरूमा मौलिकता त छँदैछ कार्यान्वयनको चुनौती पनि छ । संघीय संरचनामा स्थानीय तहहरूले अघि सार्ने वार्षिक कार्यक्रमहरू र ती कार्यक्रमको इमान्दारपूर्ण कार्यान्वयन दुवैले विशेष अर्थ राख्दछन् । नजिकको सिंहदरवार पनि भनिने स्थानीय तहको कार्यसम्पादनमा नै सुशासन र समृद्धि भर पर्दछ । रासस

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन)*

## स्वास्थ्य परीक्षण सम्बन्धी सूचना !

**असार २३ गते शनिबार**

१) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ मानसिक, नशा, तथा लागू औषधरोग विशेषज्ञ **डा. जय बाहदुर खत्री**द्वारा टोलाएर बस्ने, एकान्त खोज्ने, मान्छेको भिडमा नबस्ने डराउने, झर्को मान्ने, रिसाइरहने, मन आत्तिने, मुटु ढुकढुक गर्ने, टाउको दुख्ने, श्वास फेर्न गाह्रो हुने, शरीर पोल्ने, हातखुट्टा झमझम गर्ने, बेहोस हुने, छारेरोगको लक्षण देखा पर्ने, एउटै कुरा दोहर्याइ रहने, पागलको जस्तो व्यावहार गर्ने, निन्द्रा नलागने आदि समस्याहरूको स्वास्थ्य परिक्षण ।

२) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ यौनरोग, छालारोग तथा कुष्ठरोग विशेषज्ञ **डा. विनम्र बस्नेत**द्वारा शरीर चिलाउने, लामो समय देखि दाद आएर सन्चो नभएको, अनुहारमा डण्डीफोर आउने, चाया-पोतो आउने, यौन सम्बन्धी लक्षणहरू देखा पर्ने, यौनङ्गबाट पिप बग्ने, यौन इच्छामा कमी आउने इत्यादि समस्याहरूको स्वास्थ्य परिक्षण।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

हार्दिक बधाई




छाङ्गेली नेवा खलः का निवर्तमान अध्यक्ष **सुकनारायण मल्ला** र सल्लाहकार **एक प्रसाद श्रेष्ठ** लायन्स क्लव अफ तनहुँ व्यास सिटीको **अध्यक्ष र प्रथम उपाध्यक्ष**मा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** तथा कार्यकाल पूर्ण सफलताको **शुभकामना** व्यक्त गर्दछौं ।



**नारायण मल्ल**
सचिव

**सेर कुमार कायस्थ**
अध्यक्ष

एवं

**छाङ्गेली नेवा खलः परिवार**

दमौली, तनहुँ

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८० असार १९, मंगलबार
July 04, 2023



**विद्यार्थीलाई कृषिसम्बन्धी ज्ञान :** कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारी सोमबार व्यास-३ शिवपाञ्चायन माध्यमिक विद्यालयका विद्यार्थीलाई तरकारी, फलफूल र मौरीपालनसम्बन्धी ज्ञान प्रदान गर्दै । कार्यालयको हाताभित्र मौरीपालन, तरकारी र फलफूलखेती गरी विद्यार्थीलाई ज्ञान प्रदान गर्दै आएको छ । *तस्बिर : भञ्ज्याङ*

# आँवुखैरेनीको लोप्राङका बासिन्दा बलेनीको पानी उपभोग गर्दै

**भञ्ज्याङ समाचारदाता**/आँवु

तनहुँको आबुँखैरेनी गाउँपालिका-४ स्थित लोप्राङ्ग गाउँमा यति बेला खानेपानीको हाहाकार भएको छ । छिम्केश्वरी मोटरबाटो निर्माणका क्रममा बासपानीमा रहेको खानेपानीको मुल पुरिएपछि सो गाउँमा खानेपानीको हाहाकार भएको हो।

बर्षायामसंगैं खानेपानीको हाहाकार हुँदा यहाँका स्थानीयहरू पानी परेको बेला बलेनीबाट झरेको पानी संकलन गरी उपभोग गर्न बाध्य भएको स्थानीय सुक बहादुर गुरूङले बताए ।



करिब ३० घरधुरी रहेको उक्त गाउँमा तत्काल तथा दीर्घकालिन रूपमा खानेपानीको समस्या समाधान गर्न सोमबार वडा नं. ४ का वडा अध्यक्ष मिलन भूजेल र गाउँपालिका अध्यक्ष शुक्र चुमानबीच छलफल भएको छ ।

छलफलका क्रममा गाउँपालिकाले तत्काल प्राविधिक/इन्जिनियर पठाएर पहिरोले पाईपमा पुर्‍याएको क्षति वा खानेपानीको ट्याङ्की फुटेको हो भन्ने बारेमा सर्भे गरी आवश्यता अनुसार, मर्मत गरी खानेपानीको आपूर्ति गरिने वडा नं ४ का वडाध्यक्ष मिलन भूजेलले जानकारी दिए । उक्त गाउँमा खानेपानी योजनाको लागि प्रदेश सरकारबाट १५ लाख बजेट परेको बताइएको छ ।

# एकीकृत निर्वाचन .........

कार्यालयबाट नाम दर्ता गर्नसक्ने, नर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि विधेयकमा नै किटान गर्ने र उम्मेदवारको योग्यता/अयोग्यतासम्बन्धी विस्तृत व्यवस्था गरी थप स्पष्ट गरिएको छ।

यस्तै संघीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचन बाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने, प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने र कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने पनि व्यवस्था गरिएको छ ।

यस्तै राष्ट्रपति वा उपराष्ट्रपति, संघीय संसद्, प्रदेशसभा सदस्य र स्थानीय तहको सदस्य पदको निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परेमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने, प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने, स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने उल्लेख गरिएको छ । एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवं वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने प्रस्ताव गरिएको छ ।

मस्यौदामा निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेस गर्दा सिलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यका नाममा रहेको सम्पत्ति विवरण पेस गर्नुपर्ने उल्लेख छ । दलित, महिला, तोकिएको अपाङ्गता भएको व्यक्ति, आर्थिक रूपले विपन्न वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अल्पसत्त्यक समुदायको उम्मेदवार भए धरौटी रकममा ५० प्रतिशत छुट दिइनेछ । स्थानीय तहका सदस्यको निर्वाचनका लागि प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदका लागि र वडाअध्यक्ष र वडा सदस्यका लागि दुई छुट्टाछुट्टै मतपत्रको व्यवस्था गरिने नयाँ मसौदामा उल्लेख छ। प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, निर्वाचन पर्यवेक्षक, विदेश भ्रमणमा जाने र कुनै व्यापार, व्यवसाय, रोजगारी वा स्वास्थ्योपचार गराइरहेका मतदाताले तोकिएको मतदान केन्द्रमा उपस्थित भई अग्रिम मतदान गर्न सक्ने प्रस्ताव गरिएको छ ।

यसैगरी, मतदान स्थलमा समेत मतगणना गर्ने व्यवस्था प्रस्ताव गरिएको छ भने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यको पदावधि गणना गर्दा निर्वाचन भएको दिनबाट गणना गरिने उल्लेख गरिएको छ । प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको निर्वाचनका लागि उम्मेदवारी दाखिला गर्ने दिनदेखि त्यस्तो सभाको कार्यकाल स्वतः समाप्त भएको मानिने प्रस्वाव गरिएको छ । स्थानीय तहको सदस्यको निर्वाचनमा उम्मेदवारी दाखिला गर्ने सदस्यको पदावधि निजले उम्मेदवारी दाखिल गरेको दिनदेखि स्वतः समाप्त भएको मानिने छ । आयोगले निर्वाचन खर्चको सीमा तोक्दा भौगोलिक क्षेत्रको विकटता वा दूरी, मतदान केन्द्रको संख्या, मतदाताको सत्या र यातायातको साधनको उपलब्धता समेतको आधारमा फरक फरक क्षेत्रमा निर्वाचन खर्चको सीमा फरक फरक हुने गरी तोक्न सक्ने प्रस्ताव गरिएको छ ।

आयोगका अनुसार मस्यौदामा उम्मेदवारले निर्वाचनमा खर्च गर्दा मनोनयनपत्रमा उल्लेख गरेको बैंक खातामार्फत खर्च गर्नुपर्ने, निर्वाचनमा सम्भव भएसम्म स्वदेशी सामग्रीको प्रयोग गर्ने, कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्ने उल्लेख गरिएको छ । मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसंख्या त्यस्तो निर्वाचनमा मतदान भएको कूल सदर मतको ५० प्रतिशतभन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने र आयोगले मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने, मतदानस्थल तथा मतदान केन्द्रको निर्धारणका लागि परामर्श दिने तथा मतदान केन्द्रको व्यवस्थापनमा सहयोग तथा सहजीकरण गर्ने एवं निर्वाचन वा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि स्थानीय तहको भूमिका र जिम्मेवारी तोक्ने प्रस्ताव गरिएको छ । प्रतिनिधिसभा, प्रदेशसभा वा स्थानीय तहका सदस्यको निर्वाचनका दिन मतदान प्रक्रियालाई सहज बनाउन सार्वजनिक यातायातको आवश्यक व्यवस्थापन गर्ने पनि प्रस्ताव गरिएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७८ साल पुस १४ गते सैद्धान्तिक सहमति प्राप्त भई तयार गरिएको विधेयक तर्जुमा गर्ने क्रममा निर्वाचन सरोकारवालासँग सातवटै प्रदेश तथा केन्द्रमा छलफल एवं अन्तरक्रिया गरी सुझाव संकलन गरिएको थियो। आयोगले विभिन्न चरणमा निर्वाचन कानुनका विज्ञ तथा सरोकारवालाहरूको सुझाव समेतका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी निर्वाचनसँग सम्बन्धित विद्यमान सातवटा ऐनका प्रावधान समेटी एकीकृत रूपमा तयार गरिएको जनाइएको छ । रासस

facebook twitter



**मञ्जरी**
twitter.com/Manzari77

तपाईंले क-कस्का लागि के गर्नु भयो ? कुन समयमा राम्रो काम गर्नु भयो ? कस्का लागि कति गुण लगाउनु भयो त्यो कसैले याद गर्दैनन् ! तर तपाईंले अरूका लागि के के कुरा पुरा गर्नु भएन ? तपाईं कहाँ नेर गतल हुनुहुन्थ्यो । तपाइले गरेको एक गल्ती सबैले जीवन भर याद गरिरहन्छन् !



**जिवन के.सी**
twitter.com/KcJivan1

बिरोधाभासमा जड्किएर बाचेको जिन्दगी त असली सत्यको अनुभूति नगरी अन्त्य हुन पनि सक्छ । एकै समयमा बुद्धिजम र नाजीबाद दुबै सही हुनै हो भन्न मिल्दैन । बेलगाम बाच्न दिउ एक मुठी स्वासमा अल्झिएको दुई दिनको जिन्दगानी ।



**एकल यात्री**
twitter.com/Trvms111

अर्ध ज्ञान भएका ब्यक्तिसँग आफुले जानेको बुझेको बिषयमा छलफल गर्न गार्हो हुन्छ, कन्फ्युजनमा पारिदिन्छन उल्टै,कतिपयको बानि नै आफैले जित्नुपर्ने वा आफ्ना कुरा लागू हुनुपर्ने धारणा राख्छन । यस्तो अबस्थामा सहि कुरा बोल्न छोड्नु हुदैन किनकि भ्रममा बाँच्न दिनुहुदैन अबुझहरूलाई ।

# घट्यो पेट्रोलियम पदार्थको मूल्य

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमको सोमबारको बैठकले सोमबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गको लागि क्रमशः ७.५, ६ र ५ रूपैयाँले मूल्य घटाएको जनाएको छ । साथै आन्तरिक तर्फको हवाई इन्धनमा प्रतिलिटर १४ तथा अन्तर्राष्ट्रिय तर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर १५ रूपैयाँले घटाइएको छ ।



"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिबद्धता"
नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, टेकु ।
प्रेस विज्ञप्ति

मिति: २०८०/०३/१८

१. ईण्डियन आयल कर्पोरेशन लिमिटेडबाट १ जुलाई, २०२३ (असार १६, २०८०) मा प्राप्त नयाँ खरिद मूल्यसूचीका सन्दर्भमा निगम संचालक समितिको मिति २०८०।०३।१८ गतेको निर्णय अनुसार आज राती १२:०० बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गका लागि क्रमशः प्रति लिटर रू. ७।५०, रू. ६।०० र रू. ५।०० ले घटाईएको छ। साथै साविकको आन्तरिकतर्फको हवाई इन्धनमा प्रति लिटर रु. १४।०० तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रति किलो लिटर अमेरिकी डलर ११५ (प्रति लिटर करिब रु. १५।००) ले घटाईएको छ।

२. घटेको मूल्य अनुसार निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्म पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.सं. | पेट्रोलियम पदार्थ | साविकको खुद्रा बिक्री मूल्य (प्रति लिटर/प्रति सिलिण्डर) | मिति २०८०/०३/१८ को राती १२:०० बजेदेखि लागू हुने गरी कायम गरिएको नयाँ खुद्रा बिक्री मूल्य (प्रति लिटर/प्रति सिलिण्डर) | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | रु. १७५।०० | रु. १६७।५० | रु.१६९।०० | रु. १७०।०० |
| २. | डिजेल | रु. १५५।०० | रु. १४७।५० | रु. १४९।०० | रु. १५०।०० |
| ३. | मट्टितेल | रु. १५५।०० | रु. १४७।५० | रु. १४९।०० | रु. १५०।०० |
| ४. | हवाई इन्धन (आन्तरिक) | रु. १५०।०० | रु. १३६।०० | | |
| ५. | हवाई इन्धन (अन्तर्राष्ट्रिय) | $१.१५० | $१.०३५ | | |
| ६. | एल. पी. ग्यास (प्रति सिलिण्डर) | रु. १,८००।०० | रु. १,८००।०० | | |

नोट: पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, वीरगञ्ज, अमलेखगंज, भलवारी, नेपालगञ्ज र धनगढी
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल

३. नेपाल सरकारद्वारा उपलब्ध गराईएको ऋण तथा मूल्य स्थिरीकरण कोष लगायतका अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको भएतापनि आम उपभोक्ताको हितलाई मध्यनजर गर्दै निगमले यो मूल्य समायोजन गरेको जानकारी गराईन्छ ।

धन्यवाद् ।

प्रवक्ता

यससँगै अब पेट्रोल १६७.५ देखि १७० रूपैयाँ प्रतिलिटरमा पाइनेछ । जसमा पहिलो वर्ग अन्तर्गत चारआली, जनकपुर, वीरगञ्ज, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज र धनगढी पर्दछ । त्यस्तै, दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा तथा दिपायल पर्दछन् । भारतबाट इन्धनको मूल्य घटेर आएपछि नेपालमा पनि मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

# 'व्यास जन्मभूमिलाई ........

सकिएपनि त्यसतर्फ ध्यान नजाँदा प्रचारप्रसारको कमीले ओझेलमा परेकोमा चिन्ता व्यक्त गरे । उनका अनुसार भारत लगायत अन्य मुलुकबाट समेत पर्यटक व्यासभूमि अवलोकनका लागि आउने गरेका छन् ।

उत्तरतिर बगेको सेती नदी र मादी नदीको संगम दमौलीलाई विभिन्न शास्त्रीय प्रमाणले व्यासको जन्मभूमि दमौलीमा भएको स्वीकार गरेकोले यसको महत्वको बारेमा व्यापकता दिनुपर्नेमा उलने जोड दिए ।

व्यास क्षेत्र शिवपाञ्चायन कोषका कार्यबाहक अध्यक्ष प्रेमप्रकाश भट्टराईले व्यासले पुराण र उपपुराणका माध्यमबाट सारमा अरूको उपकार गरे धर्म हुन्छ एवं अरूलाई पीडा दिए पाप लाग्छ भन्दै मानवतावादी सन्देश दिनुभएकोले यसको प्रचार गर्नु जरूरी रहेको बताए । कोषका सचिव विष्णभक्त सिग्देलले व्यासको महिमाको प्रचारप्रसार गर्न विभिन्न धार्मिक सम्मेलन गरे सहज हुने विश्वास व्यक्त गरे ।

व्यासको जन्म बारेको प्रसंगमा दमौलीदेखि ८ किमि पूर्व छाब्दी बाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिम पट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्म भएको मानिन्छ । माछाको रूपबाट जन्म भएकाले त्यस कुण्डको नाम मच्छेकुण्ड रहेको बताइन्छ । योगी नरहरिनाथले 'आध्यात्मिक नेपाल एवं हिमालय देवोदेश'मा पाँच नदी सेती, मादी, बुल्दी, गुणादी र र छाब्दीको सङ्गमलाई व्यासको जन्मभूमि, कर्मभूमि र तपोभूमि, स्वामी प्रपन्नाचार्यले 'मिल्केका झिल्का'मा दमौली क्षेत्रलाई र कुमारबहादुर जोशीले आफूले अन्तर्वार्ताका क्रममा मादी र सेतीको सङ्गम नै व्यास (कृष्ण द्वैपायन)को जन्मस्थल भएको पाएको उल्लेख गरेका छन् ।

व्यासले वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्नु भएको थियो । आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसैदिन व्यास जयन्ती मनाउने गरिएको हो ।

व्यास जयन्ती मनाउनको लागि व्यास नगरपालिकाले सोमबार सार्वजानिक विदा दिएको थियो । जयन्तीको अवसरमा नगरपालिकाले नगरपालिकाको हाताभित्र रहेको व्यास मूर्तिमा माल्यार्पण गरी व्यास जयन्ती मनाइएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४